# क्लिक सिन्धुली
www.clicksindhuli.com साप्ताहिक

वर्ष १, अंक ३ नेपाल संवत् ११३६ सोमबार २४ जेठ २०७३ (Monday 6 Jun 2016) मूल्य रु. ५/-


## अनुषाको संसार हेर्ने थोको

...बाँकी ५ पृष्ठमा

● विवश थापा/सिन्धुलीमाढी

सिन्धुली/हामी एकै छिन कल्पाना गरौ त हाम्रो आखाँ नहुनेहो भने के हुन्छ होला ? सायदै मानिसको आँखा नहुने हो भने हामी संसारका सबै सुख भोगको कल्पना पनि गर्न सक्दैनौ होला । आँखा आकर्षणका केन्द्र हुन, मानिसलाई सौन्दर्य र रुप दिने निसन्देह आँखा नै हो । आँखामा चमक छ, अनि दिब्यताको मोहनी । संसारका हरेका सुन्दर अनी कुरुप चिजको पहिचान गर्ने आँखा नै हो । हाम्रो समुदायमा अपांगता भएका ब्यक्तिलाई हेर्ने, उनीहरुका क्षमतालाई आँकलन गर्ने निकै गलत परम्परा रहेकोछ ।

कुरा सिन्धुली जिल्लाको कपिलाकोट गाविस वडा


## पिडितले न्याए पाउन पर्छ

आयोले निक्कै क्रियाशिलताका साथ काम गरिरहेको छ । पिडितको उजुरी संकलन गरिरहेको छ । यदि तपाई वास्ताविक पिडित हो भने छिट्टै स्थानीय शान्ति समिति सिन्धुलीमा आएर आयोगले तयार पारेको फारम भर्नहोस् ।



राजकुमार कार्की, संयोजक, स्थानीय शान्ति समिति, सिन्धुली


बाँकी समाचार पृष्ठ ३

## ४२ औ विश्व वातावरण दिवस

● क्लिक सिन्धुली




जुन ५ अन्तराष्ट्रीय विश्व वातावरण दिवस हो । विश्व वातावरण दिवस २०१६ सिन्धुलीमा पनि विभिन्न कार्यक्रम गरी मनाइयो । यस वर्षको विश्व वातावरण दिवसको नारा "Go Wild for life: Fight Against the illegal Trade in WildlifeÆ अर्थात "हाम्रो जीवजन्तु, हाम्रो वातावरण र वन, संरक्षण गरौं लगाई सम्पूर्ण तन, मन र धन" रहेको थियो ।

विश्व वातावरण दिवशको अवसर पारेर आजै सिन्धुली जिल्लामा १७ औं सरसफाई सप्ताह (२३ देखि २९)

...बाँकी ५ पृष्ठमा

## कमलामाई नगरपालिकामा सरसफाई सप्ताह सुरु
### इशाकद्धारा सडक नाटक प्रदर्शन

● क्लिक सिन्धुली

सिन्धुली/विश्व वातावरण दिवसको अवसरमा जिल्लाको कमलामाई नगरपालिका कार्यालयले १७ औं सरसफाई सप्ताहको सुरुवात गरेको छ । "घर घरमा सफा चर्पी हामी जिम्मेवार-स्वच्छ पानी स्वस्थ बानी हाम्रो सरोकार " भन्ने नाराका साथ सुरु गरिएको सरसफाई सप्ताहका अवसरमा विभिन्न कार्यक्रमहरु गरिएको छ ।

वातावरणमैत्री कमलामाई नगरपालिका बनाउने अभियानका साथ जिल्लाको पहिलो नगरपालिका कमलामाई नगरपालिका कार्यालयको अगुवाईमा सरसफाई सप्ताह सुरु गरिएको हो । सप्ताहको पहिलो दिन आइतवार पनि विभिन्न कार्यक्रमहरु सम्पन्न भएका छन् ।

सप्ताहका दौरानमा सिन्धुली कला तथा साँस्कृतिक प्रतिष्ठान इशाक सिन्धुलीले वातावरण सम्वन्धि सडक

...बाँकी ५ पृष्ठमा






● डम्बर आले

डाहा गर्ने स्वभाव थियो मेरो त्यसैले अरुभन्दा बढी नै दुःख गर्थे । स्पायरिङमा सबैलाई जित्नैपर्थ्यो । अरुले राम्रो खेलेको देख्दा डाहा हुन्थ्यो ।

समाचार ६ पृष्ठमा

## द्धन्द्धकालमा घटेका घटनाका दोषीले माफी पाउदैनन् : अध्यक्ष गरुङ्ग

● नविनबाबु अधिकारी/सिन्धुलीमाढी

सिन्धुली/द्धन्द्धको क्रममा मानव अधिकारको गम्भीर उल्लंघनका घटनाका दोषीले माफी पाउन नसक्ने सत्य निरुपण तथा मेलमिलाप अयोगका अध्यक्ष सुर्य किरण गुरुङ्गले बताउनु भएको छ । सत्य निरुपण तथा मेलमिलाप आयोगका बारेमा सिन्धुली जिल्लाको अवस्थाको बारेमा जानकारी लिन सिन्धुलीमाढी आई पुग्नु भएका अध्यक्ष गुरुङ्गले पत्रकारसंगको कुराकानीमा यस्तो बताउनु भएको हो ।

द्धन्द्धका घाउँलाई जति पोल्यो त्यति खतरा हुने भएकाले आयोग मार्फत द्धन्द्धका घाउँको सहि उपचार गर्न सकेमात्र नेपालमा राजनैतिक पार्टीहरुले भने जस्तो आर्थिक सामाजिक क्रान्तिको सम्भावना रहेको गुरुङ्गको भनाई थियो । नेपालले मानव अधिकारका सवालमा विभिन्न अन्तराष्ट्रिय सन्धिमा सम्झौता गरेकाले पनि द्धन्द्धकालीन घटनका दोषीले माफी नपाउने उहाँको भनाई छ । यदि राजनैतिक दवावमा दोषिले माफी पाए पनि अन्तराष्ट्रिय कानुनको नजरबाट मुक्ति नपाउने र सवै दोषीहरु कर्णेल कुमार लामाको अवस्थामा पुग्ने भएकाले दोषीले कुनै हालतमा माफि नपाउने अध्यक्ष गुरुङ्गले बताउनुभयो ।

अहिले निक्कै लामो समय पछि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड पहिलो पटक अस्ट्रेलिया जाने कुरा बाहीर आएपनि त्याहाँ पुगे पछि के हुन्छ भन्ने बारेमा अन्योल रहेको अध्यक्ष गुरुङ्गले बताउनुभयो । युरोप भ्रमण गर्न र विदेशीको त्रासमा बस्नु भन्दा पनि आयोगले दिएको प्रतिवेदन अनुसार अघि बडेमा मात्र नेपाल र नेपालीको हित हुने उहँको भनाई थियो ।

अहिले द्धन्द्धकालीन घटनामा दोषी अन्तराष्ट्रिय समुदायको त्रासमा रहेको र यदी द्धन्द्धकालीन घटनाका सवालमा सत्य निरुपण तथा मेलमिलाप आयोगले सरकारलाई बुझएको प्रतिवेदन कार्यान्वयन नभएमा नेपालको शान्ति प्रक्रियालाई सफलतापुर्वक टुंग्याउन नसकिने बताउनुभयो ।

...बाँकी ५ पृष्ठमा


## कृपा AGRO ट्रेडर्स

कनपा-६ शान्तिनगर, सिन्धुली, फोन : ०४७-५२०७१६, मो. ९८०१६०२६८०

यहाँ उन्नत जातका बिउबिजन, विषादी, डि.ए.पी., युरिया, पोटास, जिंक, सल्फेट र कृषि औजार **थोक तथा खुद्रा** सहुलियत दरमा पाइन्छ



प्रो. सुबोध अधिकारी

## सम्पादकीय...

# नरोकिएको चुरे विनाश

चुरे क्षेत्रमा रहेको वनको विनाश नेपालका लागि नयाँ विषय पक्कै होइन । नयाँ हो त केबल यो विनाशले निम्त्याएको विविध क्षेत्रमा दीर्घकालीन नकारात्मक प्रभाव । नेपालको पूर्वदेखि पश्चिमसम्म, तराईबाट उत्तरतिर र महाभारत पहाडी शृंखलाको दक्षिणमा पर्ने चुरे संसारकै कान्छा पहाडहरूमध्येमा पर्छ । ठुल्ठूला भुइँचालोमा उत्तरतिरको प्लेटबाट दक्षिण धकेलिने इन्डियन प्लेटको जमिन उठेर बनेको यो पहाड अझै बनिरहेको या अग्लिरहेको छ । तर, यो मजबुत चट्टानमा बदलिएको छैन । यसैले यहाँको पहाड ढुंगा-गिट्टी र बालुवाको मिसमासबाट बनेको छ । सानो पानी आउनासाथ भलले खोल्न सक्ने यहाँको जमिन, जीविकाका लागि पहाड खोस्रनुपर्ने, जंगल प्रयोग गर्नुपर्ने, बढ्दो जनसंख्याको चाप, भारतीय सीमा क्षेत्रका निर्माण कार्यका लागि सखुवाका काठ बेच्ने राणाकालीन नीति, वनजन्य उत्पादनको बढ्दो मूल्य, कम आपूर्तिका कारणले यसको व्यापारमा बढेको नाफा र सबैभन्दा बढी त तत्कालीन स्वार्थका लागि देशको दीर्घकालीन हितलाई बलि चढाउन सधैं तयार राजनीतिक नेतृत्वसमेत मिलेर यो क्षेत्र लामो समयदेखि विनाशको चक्रमा परेको छ । मध्य तराईका उत्तरी क्षेत्रमा हैंयो भने जंगल र बस्तीबीचसमेत ठूलो क्षेत्रफल ओगटेका तर वर्षामा मात्र पानी बग्ने खोला र धेरैजसो पहिरोले चिरेका पर्वत देखिन्छन् । यी खोलाबाट वर्षायाममा लाखौं घनमिटर माटो, गिट्टी बगेर दक्षिणतिर झर्छ । त्यसले बस्ती र उत्पादनशील जमिनलाई बगाउने मात्र होइन, बचेको जमिनमा मरुभूमीकरण बढाउँदै लगेको छ । पश्चिम तराईका धेरै जिल्ला पनि यही प्रक्रियाका सिकार भएका छन् । चुरे क्षेत्र र त्यसबाट प्रभावित क्षेत्रमा जलसतह घट्ने, पानीका मुहान सुक्ने क्रम बढेको छ । यी सब परिणाम हुन् चुरेको वन विनाशका । र, पछिल्लो समय यो क्रम बढ्दै गएको छ, जसले मरुभूमीकरणको यो जोखिमलाई निकै बढाइदिएको छ ।

०३६ सालयताका वर्ष चुरे विनाशका लागि सबैभन्दा खतरनाक समय थिए । केही वर्षअघिदेखि भारतले नेपालको सबै दक्षिणी सीमालाई लक्षित गरेर बनाउँदै गरेको बाँध र सडकका लागि, अझ तीव्र रूपमा पूर्वाधार विकासका क्षेत्रमा लगानी बढाएको बिहारका योजनाका कारणले समेत सीमापारि गिट्टीरोडाको माग बढेपछि सीमानजिकको चुरे क्षेत्र त्यसको बालुवा-गिट्टी उत्खननकर्ता माफियाको नियन्त्रणमा पुगेको छ । यस्तो समूहले सीमा इलाकाका प्रशासक प्रहरी र राजनीतिक नेतालाई प्रभावमा पारेर लगातार खोला र पहाड उधिनिरहेको छ । जिल्ला विकास समितिको मातहत रहने स्थानीय प्राकृतिक स्रोतको उपयोगसम्बन्धी व्यवस्थापनको अधिकार पाएको छ । अहिले एकातिर जिल्ला विकास समिति राजनीतिक नेतृत्वविहीन छ, अकार्तिर उत्तरदायित्व बहन नगर्ने स्थानीय दलीय संयन्त्रले यसका निर्णय प्रक्रियामा प्रभाव पारिरहेको छ । यही अवस्थालाई प्रयोग गर्दै माफियाहरूले चुरेको भौतिक विनाश तीव्र बनाएका छन् । यसको पछिल्लो उदाहरण मकवानपुर जीविस भइरहेको छ, जसले चुरे संरक्षणको जिम्मेवारी पाएको समितिको निर्देशनविपरीत ठूलो मात्रामा ढुंगा-गिट्टी-बालुवा निकाल्न ठेक्का दिएको छ । केही वर्षअघि यही क्षेत्रमा प्रहरी र माफियाबीच भएको सशस्त्र झडप यस सम्बन्धमा विचारणीय पक्ष हुन सक्छ । चुरेको विनाश हाम्रो वातावरणीय विनाश, मरुभूमीकरण र मधेसको आर्थिक विकासका दृष्टिले समेत खतरनाक जोखिम हो । यसलाई समयमै नियन्त्रण गर ।

## सूचना

**तपाईको टोल-छिमेकमा कुनै पनि घटना भएमा वा साहित्यिक लेख-रचना छपाउनुपरेमा वा विज्ञापन प्रकाशित गर्नुपरेमा हामीलाई इमेल वा फोन गर्नुहोस् ।**

**मो. ९८५४०४११३४**
**इमेल : clicksindhuli@gmail.com**

**साथै हाम्रो यस पत्रिकालाई तपाईले www.clicksindhuli.com मा पनि हेर्न सक्नु हुनेछ ।**

# यौन पिपासुहरु

कहाँ बसि कुन बालिका लाई
दाउ हेरि रहेछौरु
ए नरपिसाचहरु हो,
मान्छेको रुपमा कलङ्क
मानव रुपी दानवहरु
त्यो अबोध छ सात वर्षको
बालिका लाई बलत्कार गर्ने
यौन पिपासुहरु
यौनका भोकाहरु
हिम्मत छ भने,
मेरो सामु आउ
मेरो तस्विर नग्न छ,
म नग्न अवस्थामा छु।

बिचरा ति बलिका लाई
के थाहा,
राम्रो सँग शारिरीक अँगहरुको
विकास पनि भएको छैन।
भने
झन के थाहा,
यौन सम्बन्ध के होरु
स्कूल जाने उमेर
आमा बुवाको छत्र छायामा
लडिवुडी गर्दै,
माया ममता पाउँने बेलामा
फूल्न नपाई डाली बाट
कोपीलामै चुडी
तहस नहस पारी



• कृष्ण कुसुम सिन्धुली

अस्तित्व नै मेटाई दिने
ए राक्षसहरु
कहाँ छौरु
आउ मेरो सामु
मेरो तस्विर नग्न छ,
म नग्न अवस्थामा छु।

त्यो अबोध बालिका जस्तो
म
चिच्याउने छैन,
कराउने छैन,
डराउँने छैन,
हारगुहार माग्ने छैन,
आउ मेरो ईज्जत र
अस्मिता लुट।
तिम्लाई कसैले
अपराधी
र
बलत्कारी भन्ने छैन।
कसैले सजाय दिने
छैन।
तिम्रो इक्षा पूरा गर।
प्यास मेट,
किनकी,
म तस्विर हुँ।
मेरो कुनै ईज्जत छैन,
प्राण छैन।
सक्छौ रु हिम्मत छरु
सक्छौ भने आउ
मेरो तस्विर नग्न छ,
म नग्न अवस्थामा छु।

तिम्रो ईक्षा पूर्ति पछी
त्यो बालिकाको जस्तो
तिम्ले ज्यान लिनु पर्ने छैन।
किनकी
म
तस्विर हुँ।
तिमी हत्यारा बन्ने छैनौ,
आउ मेरो सामु
देखाउ तिम्रो पुरुस्वार्थ
पोख तिम्रो यौन क्रिडा,
ए यौन पिपासुहरु
म
प्रत्येक रात
तिम्रो बिछ्यौनामा हुनेछु,
किनकी
म
तस्विर हुँ।
मेरो तस्विर नग्न छ,
म नग्न अवस्थामा छु।

।।।।प्रयास यात्रा कविताको□।।।।

# माने डाँडाको आहाल सुकेछ

'म' चैतन्य, आज किन किन मलाई धेरै चिन्ता लागि रहेको छ । जलवायु परिवर्तनका कारण हिउँले ढाकिएको हिमाल पग्लिएर कालो पत्थरमा परिणत भएकोछ । चैत बैशाखमा फुल्ने गुराँस माघ फागुनमै फुल्न थालेको छ । मंसीरमा झुल्ने धान भदौ असौजमै झुल्न थालेको छ । ९० दिनमा पाक्ने मकै ५५/६० दिनमै पाक्न थालेको छ । हुर्कन बढ्न महिना दिन लाग्ने काँक्रा करेला हप्ता दिनमै बजार आईपुगेको छ । दिनदिनै तापक्रम बढेसँगै खडेरीले गर्दा हाम्रो वनजंगल उजाड बन्दैछ । वहुमुल्य जडीबुटी लगायत सदावहार हरियो हुने बोट विरुवाहरु नाशिदैछन् । दुर्लभ पशुपंक्षीहरुको बासको विनाश भएसँगै वंशनै विनाश भईरहेको छ । जताततै पानीको श्रोत सुकेकाले सकल प्राणी वनस्पति काकाकुल बन्नु पर्ने अबस्था आएको छ । तथापि राज्यका सरोकारवाला हरुलाई यस कुराको चिन्ता नभएको भने होईन । दुर्लभ वन्यजन्तु एवं पशुपंक्षी, वहुमुल्य जडीबुटी तथा वनस्पति संरक्षण, चुरे संरक्षण लगायत वातावरणीय रुपमै देखा परिरहेको जलवायु परिवर्तनको असर लाई कम गर्न भनि राज्यले वर्षेनि बजेट छुट्याउदै आएको छ । संरक्षण र ब्यबस्थितरुपले विकाश गर्ने नाममा विभिन्न एन्जियो आईएन्जियो समेत खुलेकाछन् । तर समस्या सुधारिनुको साटो झन समस्याग्रस्त बन्दै गएको छ । यो समस्याले कहिले सम्ममा छुटकारा पाउने हो त ? कसैले एक्किनका साथ भन्न सक्ने अबस्था छैन । अनि के ! समस्या समस्याकै रुपमा रहीरहने हुन्छ त ? त्यसो पनि हैन ! केही न केही त त्यसको पनि उपाए हुन सक्छ ?

यस्तै कुरा मनमा खेलाई रहेको वेला, पारीपट्टी सल्ले गाउँका एकजना बृद्द (उमेरका पाका) मानिस लठ्ठी टेक्दै कतैजान आउँदै रहेछन् । चिनेको हुनाले 'कता हिंड्नु भयो बुवा !' नमस्कार गरेँ, सन्चै हुनुहुन्छ ! भनि सोधेँ । हँ ! भन्दै छेवैको चप्लेटी ढुंगामाथि बिस्तारै बस्नु भयो । अनि कुरा गर्न थाल्नु भयो । 'के गर्नु वावु वुढापाका भएपछी कहिले सन्च कहिले बिसन्च भैरहने हुँदो रहेछ । तैपनि अहिले सम्म त अलि अलि हिड्डुल गर्दैछु । त्यो पल्लो गाँउमा छोरीको घर छ, त्यहीँसम्म जाउ भनेको, के गरी पुग्ने हो थाहै छैन ! कछुवाकैसारमा भएपनि पुगेरै छाड्छु भनेर हिम्मत गरेको नी वावु ! खै वावु ! अहिलेको जमानामा त के हो ! के हो ! पहिला पहिला त यो बाटो मुनी माथि जताततै रुखै रुख थियो ! बाटो हिँड्दा सितल् बस्दै हिँड्न पाईन्थ्यो ! अहिले ति रुखहरु काँहा गए ! पहिले पहिलेको भन्दा घाम पनि चर्को लाग्न थाल्यो ! जताततै रुखा सुख्खा भएको छ । खडेरीले वाली नाली हुन दिँदैन । भोकै मर्ने दिन आएछ क्यारे वावु अव त ! कहिल्यै नसुकेको हाम्रो गाउँको पँधेरामा यसपाली पानी सुकेर खानै पाईएन भनेको ! तल अँधेरी खोला देखी बोकेर खानु पऱ्यो ! किन यस्तो भयो भनेर बिचार गरेको त ! यसपाली लामो समय सम्म खडेरी पऱ्यो, खडेरीले गर्दा त्यसै पनि जमिनमा पानीको मात्रा कम हुने नै भयो । त्यसमाथि हाम्रो गाउँमाथि रहेको मानेडाँडाको आहाल धेरै वर्ष भए छ सफा नगरेको, सफा नगरे पछि पुरिँदै गएर वर्षाको पानी त्यसमा धेरै जम्मा हुन पाएन छ । अनि वेलैमा त्यो आहालको पानि सुके छ र यसपालि हाम्रो पँधेराको पानी पनि सुकेको रहेछ । त्यो आहालले त वनका जीबजन्तु, वरपरका रुख विरुवा लगाएत हाम्रा गाई बस्तु समेतलाई पानीको सुविधा भएको थियो । अहिले आएर हाम्रो पँधेरामा पानी सुक्नुको कारण त त्यै आहाल सुकेको कारणले पो रहेछ त ! यो कुरा लाई बिचार गर्दा मेरो मनमा एउटा कुरा खेल्न थालेको छ !'

के कुरा बुवा ? मैले आफना् जिज्ञासा राखेपछि उनले भने -'जाहाँ पानी छ त्याहाँ जीवन हुन्छ । पानी विनाको जीवन कल्पना सम्म पनि गर्न सकिँदैन । जसरी मरुभूमिको ऊँटले हप्तौं हप्ता सम्म उसलाई आवश्यक पर्ने पानी, मौका पर्दा आफ्नो पेटमा संचित गरेर राखेको हुन्छ त्यसरीनै धर्तिआमाले पनि संचित गरेर राख्न सक्छिन् तर संचित गर्नको लागि समय र मौका भने पाउनु पर्ने हुन्छ । तर हाम्रो याहाँ रहे भएका आहाल, पोखरीको संरक्षण र नव निर्माण हुन नसकेका कारण वर्षातको पानी संचित भएर बस्न तथा जमिनमा सोचिन नपाई जमीन बाहिर त्यसै बगेर खेर जान्छ । फेरी बगेको पानिमा धेरै बाफ बन्न (वास्पिकरण हुन) सक्दैन भने आहाल, पोखरीमा जमेको पानिबाट बढीमात्रामा बाफ बन्ने हुन्छ र त्यही बाफ, हामीमाथिको आकाशमा पानि पार्ने बादल बनी पानीको रुपमा वर्षा हुन्छ । हामी कहाँ पानी पार्न यहीँ बाफ उठ्ने आबश्यकमात्रामा आहाल पोखरीहरुको ब्यबस्था हुन सकेन । समुन्द्रमा उठेको बाफले आएर पानि पार्दिनु परेको छ । पहिला पहिला जताततै धेरै आहाल पोखरीहरु खनिएका हुन्थे । ती आहाल पोखरीहरुलाई वेला बखतमा पुरिएको माटो र फोहर फालि सफा गरिन्थ्यो । त्यसपछी वर्षातको पानीले ती आहाल पोखरीहरु भरिन्थे । जमीनले पनि पुरा पुरा पानी सोचेर राख्ने मौका पाउँथ्यो । त्यस वरपरका वन जंगलमा हरियाली बड्थ्यो । चराचुरुङ्गी जनावर बोटबिरुवाले पानी पाई रहेने हुन्थ्यो । मानिसलाई पनि खान र सिंचाईका लागि ठुलो समस्या परेको थिएन । अहिलेको मानिसले पहिलेको जमानामा गर्ने गरेको सबै कुरा बिर्शियो । भए रहेको आहाल पोखरीहरु सबै पुरिए । पानी भरिएर बस्न पाएनन् । यही कारणले जताततै पानीको श्रोतहरु सुक्न गए अनि सकल प्राणि वनस्पति काकाकुल बन्नु पर्ने अबस्था आएको र चरम खडेरीको पीडा भोग्नु परेको छ । तसर्थः यसका लागि हाम्रो सरकारले बजेट छुट्याई एउटा अभियानकै रुपमा उचित ठाउँ हेरी देशमा जता ततै आहाल र पोखरीहरु खनाउने र त्यसमा वर्षाको पानि संकलन हुने व्यवस्था गरियोस् । कम्तिमा ३/४ महिनामात्र ती आहालहरुमा पानि सुकेन भने धर्तिआमाको शरीर सिंचित भैरहन्छ । सिंचितभए सँगै धर्तिआमाको छाति पनि रसाउँने हुन्छ । अनि हाम्रो जस्तै धेरैको सुकेको पँधेरामा पुनः पानि आउन थाल्छ । एकातिर हामीलाई पिउने पानि प्राप्त हुन्छ भने अर्कोतर्फ आहाल खनिए वरपरका जीबजन्तु रुख विरुवाले पानिको मात्रा पाई रहन्छन् । पानीपाए पछी हरियाली बढ्छ । समय समयमा पानिको वर्षाद पनि हुन सक्छ र चर्को खडेरीबाट हुनगएको असरमा राहत मिल्ने हुन्छ । गुमेको वातावरण फर्किन सक्छ । 'यो कुरा बुझ्नेलाई गहिरो छ, नबुझ्नेलाई घर छेउमा पैरो छ', लौ त वावु ! जानु पर्ने परै छ । नगएँ भने, भरे नपुगीने डर छ ! भन्दै लठ्ठी टेक्दै ती बृद्द अघी बढे । म पनि, मेरो मनमा प्रवेश पाएको चिन्ताले समाधान पाएको ठानी आफ्नोबाटो लागेँ,

अस्तुः

- टि.आर.'चैतन्य', सिन्धुली

# पिडितले न्याए पाउनु पर्छ



राजकुमार कार्की, संयोजक,
स्थानीय शान्ति समिति, सिन्धुली

**यदि तपाई वास्ताविक पिडित हो भने छिट्टै स्थानीय शान्ति समिति सिन्धुलीमा आएर आयोगले तयार पारेको फारम भर्न आग्रह गर्दछु । भोली स्थानीय शान्ति समिति सिन्धुलीले जानकारी तथा सुचना दिएन भनेर दोषी देखाउन पाउनु हुने छैन ।**

**स्थानीय शान्ती समिति सिन्धुलीमा द्वन्द्वकालमा घटेका घटनाका सवालमा के काम गरिरहेको छ ?**
स्थानीय शान्ति समिति सिन्धुलीले अहिले वेपत्ता छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग अन्तर गतका काम भै रहेको छ। जस अन्तर गत अहिले पिडित पक्षबाट उजुरी लिने काम भै रहेको छ। हाल सम्म स्थानीय शान्ति समिति सिन्धुलीमा वेपत्ता छानविनका लागि १० वटा र सत्य निरुपण तथा मेलमिलाप आयोगमा ५३ वटा उजुरी परेको छ। अहिले धमाधम उजुरी उठाउने कार्य भै रहेको छ।

**पिडितहरूले कहिले सम्म स्थानीय शान्ति समिति मार्फत आयोगमा उजुरी पठाउन सक्छन् ?**
द्वन्द्वकालका समयमा घटेका घटनाका पिडितहरुले ०७३ साल असार ५ गते सम्ममा उजुरी दिन सक्ने छन्। एक महिना यसको समय थप गर्न आफुले आयोगका अध्यक्ष सुर्य किरण गुरुङ्गलाई अनुरोध गरेको छु। सिन्धुली जिल्लामा विभिन्न भेग तथा ग्रामिण बस्तिबाट बास्ताविक पिडितहरु उजुरी दिन नआएको र छुटेकाले आफुले उजुरी दिने समय थप गर्न आग्रह गरेको हुँ।

**पिडितहरूलाई स्थानीय शान्ति समिति सिन्धुलीमा गएर उजुरी दिनु पर्ने रहेछ भन्नको लागि यहाँहरूले सुचना कसरी सम्प्रेशण गर्नु भएको छ ?**
स्थानीय सञ्चार माध्यमहरुमा सुचना प्रकाशन तथा प्रशारण गरिरहेको र जिल्लाका १३ वटा इलाकालाई ६ स्थानमा विभाजन गरेर स्थानीय तवरमानै गएर पिडितहरुलाई उजुरी दिन सकिने प्रावधानका बारेमा जानकारी गराईएको छ। आफ्ना पिडाहरु के-के छन् आयोगहरुले तयार पारेका फारम गाविस सचिव, स्थानीय समितिका संयोजक तथा सदस्य मार्फत वितरण गरिएको छ। धेरै फारामहरु वितरण भएका छन्। अझै पनि पिडितहरुले थाहा नपाएको हो की भनेर समय थप गर्न माग गरेका छौ।

**अहिले गठन भएको आयाग पनि अघिल्ला आयोग जस्तै गठनमा मात्रै सिमित होला नी ? के लाग्छ यहाँलाई ?**
आयोगले स्थानीय शान्ति समितिका कर्मचारी प्रयोग भएका छन्। संकलन भएका उजुरीका आधारमा गम्भीर प्रकृत्तिका घटनामा रहेका दोषीलाई कारवाही हुने आयोगका अध्यक्ष गुरुङले बताउदै आउनु भएको छ। यस आयोगले अवको ९ महिनामा आयोगले प्रतिवेदन तयार पार्ने र सरकारलाई बुझाएको प्रतिवेदन ३० दिन भित्रमा संसदमा पेस हुने भएकाले पनि यो आयोगले पिडितहरुलाई न्याय दिने छ। यसका साथै म क्लिक सिन्धुली मार्फत के भन्न चाहान्छु भने आयोले निक्कै क्रियाशिलताका साथ काम गरिरहेको छ। पिडितको उजुरी संकलन गरिरहेको छ। यदि तपाई वास्ताविक पिडित हो भने छिट्टै स्थानीय शान्ति समिति सिन्धुलीमा आएर आयोगले तयार पारेको फारम भर्न आग्रह गर्दछु। भोली स्थानीय शान्ति समिति सिन्धुलीले जानकारी तथा सुचना दिएन भनेर दोषी देखाउन पाउनु हुने छैन। हामीले स्थानीय स्तरमा गाविस सचिव तथा स्थानीय शान्ति समितिका सदस्य मार्फत फारम पठाएका छौ। पिडित पक्षले सही रुपमा जानकारी दिएमा वा फारम भरेमा अहिलेको आयोग आयोगमा मात्र सिमित रहदैन।

**अहिलेको आयोगले काम अघि बढाई रहदा शान्ति सम्झौतालाई असर पुऱ्याउछ की पुऱ्याउदैन ?**
अहिलेको आयोगले बृहत शान्ति सम्झौतालाई कुनै असर पुऱ्याउछ जस्तो लाग्दैन। किन भने अहिलेको आयोगले द्वन्द्व बढाउने भन्दा पनि द्वन्द्व घटाउन र शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन आयोग लागि रहेको छ। अहिले नेता तथा विभिन्न पदमा रहेका कर्मचारीहरु विदेश भ्रमण जान डराई रहेका छन्। त्यसकालागि अहिलेको आयोग क्लिन चिट हो जस्तो मलाई लाग्छ। आयोगले प्रतिवेदन बुझाई सकेपछि गम्भिर प्रकृतिका घटना वाहेकका अन्य दोषीहरु यो क्लिन चिट लिन आतुर भएकाले पनि यो आयोगले शान्ति सम्झौतालाई कुनै पनि असर पार्दैन। बाहिर अहिले छरिएको जस्तो भ्रम नभई अहिलेको आयोग क्लिन चिट हो र गम्भिर प्रकृत्तिका घटना अमानविय छ र दोषी ठहरीएकाहरुले कारवाही भोग्नु पर्छ।

**यहाँले अन्तराष्ट्रि कानुनको डरमा नेपाली नेता र कर्मचारी बसेका छन् भन्नु भयो, भरखरै अव नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड अष्ट्रेलिया भ्रमणकालागि जाने भन्ने खवर बाहिरिएको छ । प्रचण्डलाई अन्राष्ट्रिय कानुनको डर छैन त ?**
कुमार लामाको घटनामा सवालमा अन्तराष्ट्रिय स्तरमा लामाको नाममा उजुरी परेको भएकाले कर्णेल लामालाई अन्तराष्ट्रिय समुदायले नियन्त्रणमा लिएको हो। यदी कोही कसैले प्रचण्डको नाममा उजुरी दिएको भए प्रचण्ड पनि अन्तराष्ट्रिय कानुनी दायरामा आउन सक्नुहुन्छ। होइन कसैले उजुरी नदिएको भए प्रचण्डलाई अन्तराष्ट्रिय जगतले त्यसै समाउन भने सक्दैन। कानुनी प्रावधान अनुसार कोही कसैले उजुरी दिएमा त्यस विरुद्ध अन्तराष्ट्रिय समुदायले निमन गर्ने प्रावधान छ।

**स्थानीय शान्ति समिति सिन्धुली मार्फत आयोगमा अहिले ६३ जनाले उजुरी दिएको यहाँले बताउनुभयो । पिडित पक्षले आएर उजुरी दिए पश्चात पिडकबाट फेरी दवाव आएको छ कि छैन ?**
अहिले सम्म सिन्धुलीमा त्यस्तो दवाव आएको छैन। उजुरी गोपनिय भएकाले कस्ले कसरी उजुरी दियो, किटानी दियो या कारण मा तथा राज्यबाट सेवा सुविधा के सम्बन्धमा उजुरी परेको भन्ने आयोगलाई मात्र थाहा हुन्छ। पिडित पक्षले विगत देखी वेपत्ता पारिन, मारिनुको कारणको माग गर्दै आएका छन् र पिडित पक्षले वालवच्चाको भविष्य, रेखदेख, राज्यले प्रदान के गर्ने, भोली राज्यबाट हामीले सेवा सुविधा के पाउछौ ? भन्ने सवालमा मात्र उजुरी दर्ता भएको बुझनमा आएको छ। उजुरी दताए गराई सकेपछि कसैले पनि किन उजुरी दिईस **भन्ने गरेको पाईएको छैन् ।**

**पिडितहरूको माग पुरा गर्न अव स्थानीय शान्ति समितिको कस्तो भूमीका रहन्छ ?**
गम्भिर प्रकारका मुद्धा र वेपत्ताका सवालमा स्थानीय शान्ति समिति सिन्धुलीले केही गर्दैन। यदी आयोगले स्थानीय शान्ति समितिलाई मेलमिलाप गर्दा हुने घटनालाई यही मिलाउन अधिकार दियो भने हामी मिलाउन सक्षम छौ। धेरै पिडित पक्षहरु मेलमिलापमा जान चाहेका छन्। उनीहरुले घटना किन घटाईयो कारण मात्र माग गरिरहेका छन्। परेका सवै उजुरी आयोगमा जाने भएकाले यहाँ स्थानीय तवरमा केही गर्न सकिदैन। आयोगले पनि घटनालाई वर्गीकरण गरेर मात्र छानविनको क्रममा लैजान्छ।

**पिडकले पिडित र आयोग या स्थानीय शान्ति समिति समक्ष घटनाको सवालमा माफी माग्यो र अव नगर्ने प्रतिबद्धता जनायो भने के माफि दिईन्छ वा कारवाही नै हुन्छ ?**
गम्भिर प्रकृतिका घटनामा क्षमायोग्य नहुने घटनालाई आयोगले सरकार समक्ष कारवाहीको लागि सिफारीस गर्ने छ। वेपत्ता, बलात्कार, हत्या लगाएतका अन्य गम्भिर प्रकृतिका घटना कानुनि तवरले सजाए दिने छ कारवाहीनै हुनेछ। पिडकले माफी मागेर आगामी दिनमा त्यस्ता घटना नगर्ने प्रतिबद्धता जाहेर गरे पनि आयोगको ध्यानाकर्षण भएका घटनामा दोषि कानुनी कारवाही भोग्न तयार हुनु पर्ने छ। यि भन्दा वाहेकका अन्य घटना जुन मेल मिलापमा जान सकिने आयोगले ठहर गर्छ त्यस्ता घटनाका दोषिले मात्र माफी पाउने छन्।

**सिन्धुलीमा अहिले सम्म कति पिडित पक्षहरू छुटेका छन् ?**

सिन्धुलीमा तत्कालीन विद्रोही तथा सरकार पक्षबाट २ सय ३१ जनाको ज्यान गएको छ। १७ जना जती वेपत्ता भएका छन्। घाईते, अपाङ्ग, सम्पत्ति क्षेतीका धेरै घटना छन्। अहिले सम्म वेपत्ताको १० वटा मात्र उजुरी परेको छ यि सवै पुरा भएका छैनन्। धेरै फारम वितरण भएकाले अन्तिम समयमा आएर उजुरी बढ्ने अनुमान छ। धेरै छुटेको भएकाले एक महिना उजुरी दिने समय थप गर्न माग गरिएको छ।

**द्वन्द्वको समयमा राज्य या विद्रोहि पक्षबाट धम्कीका कारण घरबार गुमाएका व्यक्तिहरूका लागि स्थानीय शान्ति समितिले के गर्छ ?**
तत्कालीन समयमा जिउ ज्यान माथि हमला वोलिएपछि घरवार छाडेर हिडेकालाई स्थानीय शान्ति समितिले विस्तापितको परिभाषमा राखेको छ। कतिपय विस्तापितहरुले राज्यबाट पाउने सेवा सुविधा अन्तरगत रकम पनि बुझि सकेका छन्। अहिले आयोग वनेपछि शान्ति तथा पुनःनिमार्ण मन्त्रालयले राहत वितरणका कामहरु गरेको छैन। आयोग गठन पछि आयोगले नै छानविन गर्ने भनिएकाले राहतको काम अघि नवडेको हो। आयोगले सिफारीस दिइ सके पछि धन सम्पत्ति गुमाएकाहरुलाई परिपुरणको सिर्जना गर्ने र घर जग्गाको क्षती भै सकेकाहरुको तथ्याङ्क संकलन फेरी हुने र क्षती भएको तथ्याङ्कको आदि मात्र पिडितले पाउने प्राबधान हुन सक्छ। अहिले आयोगले उजुरी संकलन गरिरहेकाले वेलैमा उजुरी दर्ता गर्न सवै पिडित समक्ष आग्रह गर्दछु। कसैले उजुरी नगर्न दवाव दिएको भएपनि सोको जानकारी गराउन म स्थानीय शान्ति समिति सिन्धुलीको संयोजकको हैसियतले सवै समक्ष आग्रह गर्दछु।

# त्यो रात



मैले दुई हात जोडेर उसँग जीवनको भीख मागिरहेको थिए । डरले गर्दा मैले पाइन्टको खल्तीमा रहेको फोन झिक्ने आट गर्न पनि सकिन । मेरो हात कापिरहेको थियो ।

• विश्वबन्धु कार्की

संयुक्त राज्य अमेरिकाको उत्तर पूर्वी राज्य भर्जिनियाको पुरानो र सुन्दर शहर 'फल्सचर्च'। रातको करीब दश बजेको समय । ली हाइवेमा मोटरगाडीहरु बिस्तारै पातलिदै थिए । आकाश हल्का कालोनिलो भएर आयो, सायद राती पानी पार्ने बाताबरण बनाउदै थियो प्रकृति ।

आफिसको काम सकेर म अन्य दिन भन्दा अलि ढिला आफ्नै गाड़ीमा घर फर्कंदै थिए, गाडीमा बाहिरको मौसमसंग मिल्दोजुल्दो एउटा अंग्रेजी गित गुंजिर हेको थियो । म त्यों सुनसान सड़कमा संगीतको तालमा हराईरहको थिए । मलाई सड़कमा आफु एक्लै मात्र दौड़ीर हेको आभास भैरहेथ्यो । हिडेको करीब ५ मिनेट पछि मेरो गाड़ीले मेरीफील्ड गार्डेन क्रस गर्यो । दिनभरको कामले म केहि थकित थिए । पानीको चुस्की लगाउँदै म स्टेरिंग घुमाउदै थिए । अकस्मात, सड़कको दाहिने पेटीबाट एक कालो बर्णकी अर्धबैशे महिलाले हात हल्लाउदै गाडी रोक्न आग्रह गरिरहे झै लाग्यो । म रोक्ने र नरोक्ने दोधारमा थिए । गाड़ीको गति बिस्तारै घटाउँदै उस्कै छेउमा लगेर रोके । ऊनी गाडी नजिकै आएर झ्यालमा ढकढकाउन थालिन ।

'एक्सक्यूज मी, क्यान यू प्लीज गिभ मी अ राइड टू सेफवे ?' ऊनि बिनम्र भएर म संग प्रश्न गर्दै थिइन ।

रातको समय एक अपरिचित महिलाले मसंग सहयोग माग्दै गर्दा मेरो मानसपटललाई के गर्ने के नगर्ने निर्णय गर्न निक्कै गारो भयो । मैले झट्ट 'यस' या 'नो' दुबै भन्न सकिन ।

"हे डीड यु हिअर मि ?" उन्ले जवाफ माग्दै थिइन ।

म अकमकाए झै भए "म्याम ! ओके व्हेरआर यु गोइंग? "मेरो मुख बल्ल खुल्यो ।

"आईएम नान्सी, आई मिस्ड लास्ट बस फर बलस्टन मल" उनले आफ्नो बेली बिस्तार सुनाइन । मलाई दया पलाएर आयो । गाड़ीको झ्याल खोल्दै मैले राइड दिने सहमति जनाएर भने "ओके"।

हातमा रातो हैण्डब्याग बोकेकी ऊनि मुस्कुराउदै मेरो गाड़ी भित्र छिरिन् ।

उनको शरीरबाट निस्केको अत्तरको गाढ़ा बास्ना मेरो कार भरी फैलियो । सिटमा बसेपछि मैले उन्लाई सिट बेल्ट बाध्न आग्रह गरे । मलाई एकटकले हेर्दै ऊनि मुस्कुराईन । मेरो गाडी अघि बढ्यो । सड़क शान्त थियो । ४९५ बेल्टवेमा रफ़्तारमा गुडेका गाडीको आवाज प्रस्टै सुनिन्थ्यो । ऊनि मसँग बोल्ने केही बहाना खोज्दै थिइन सायद, सिटको पछाडिको भागमा टाउको बिसाएर लामो स्वास तान्दै भनीन 'व्हेर डू यु लिभ ?'

मैले आफु यही फल्सचर्च सहरमा बस्ने जवाफ दिए ।

'आर यु सिंगल ?' सायद कुनै अपरिचित स्त्रीले सोधेको पहिलो प्रश्न थियो मलाई ।

'होइन, म बिबाहित हु, मेरो दुई बर्षको छोरो पनी छ', मेरो जवाफ सुनेर उनी केही समय चुप लागिन । त्यों समय सम्म गाडीले जेफ़र्सन पार्क क्रस गरिसकेको थियो ।

'आर यु ह्याविंग अ ह्यप्पी लाइफ ? ऊनि मलाई खोतल्दै थिईन ।

खुसी छु जीवन देखि किनकि आफैले रोजेको मान्छे जो मैले पाएको छु हरेक सुख दु:खको साथी ...................... । मैले गाडीको गति केही बढाए । अब त उस्को ओर्लने ठाउ पनि नजिक आइसकेको थियो ।

'यु सेड सेफवे राइट ? मैले उस्को गन्तब्य नजिकै पुग्नै लागेको जानकारी दिए । उस्को मुन्टो मात्र हल्लियो ।

सेफवेको पार्किंगमा लगेर मैले गाडी रोके । ऊतिर फर्केर हेर्न खोजे । मलाई टाउको पछाडि कुनै कडा बस्तुले घोचे जस्तै लाग्यो । मैले हात पछाडि बढाएर त्यो कडा बस्तुलाई समात्ने कोशिस गरे । तब म छांगाबाट खसे जस्तै भए । उसको हातमा रहेको कालो रंगको ह्याण्डगन मेरो टाउकोमा तेर्सीर हेको थियो ।

'गिभ मी यो 'वालेट' उस्को बोली अली कडा भयो । मलाई प्रतिक्रिया जनाउनु उचित लागेन ।

'ओके ... ओके' केही आत्तिँदै अनि लरबरिदै यत्ति बोल्न भ्याए । 'हेल्प हेल्प ' भनेर चिच्याउन मन लाग्यो । तर त्यों एकान्त पार्किंग लटमा मेरो गाडी बाहेक कुनै गाडी थिएन । मेरो जीवनको सूर्य क्षितिजमा अस्ताउदै गरे झै लाग्यो ।

मैले दुई हात जोडेर उसँग जीवनको भीख मागिरहेको थिए । डरले गर्दा मैले पाइंटको खल्तीमा रहेको फोन झिक्ने आट गर्न पनि सकिन । मेरो हात कापिरहेको थियो । पाइंटको पछाडीको खल्तीबांट आफ्नो वालेट झिकेर उस्को हातमा राखिदिए ।मेरो वालेट भित्र घर पठाउनको लागि एटिएमबाट झिकेका बीसरबीसका नोटहरु जम्माजम्मी ५०० डलर थियो, अनि मेरो परिचय पत्र र केही कार्डहरु पनि थिए । उस्ले पैसा मात्र झिकेर वालेट म तीर हुईकाईदिई ।

'डोन्ट ड्राइभ योर कार अंटिल फाइभ मिनेट ओके ' भन्दै उ गाडीको ढोका खोलेर बाहिर निस्किई । उ छिटो-छिटो ली हाईवे क्रस गरेर बाटो पारी उभिई । एउटा कालो भ्यान उसको अगाडि आएर रोकियो । मैले त्यस भ्यानको चालकलाई अँध्यारोको कारण देख्न सकिन । त्यों भ्यान त्यहाँबाट कुलेलाम ठोक्यो ।

मैले लामो सुस्केरा हाले । दुई हातले दुबै आँखा मिचे । मेरो गाडीमा उस्को अत्तर अझै बसाइ रहेको थियो । मैले गाड़ीको दुबै झ्यालको सीसा खोले । बाहिरबाट चिसो हावा सरर गाड़ी भित्र छिर्यो । मैले एक पटक बाहिर चारैतिर नजर डुलाए । आफु ठुलो दुर्घटनाबाट जोगिएको आभास गरे । आफ्नी श्रीमती र सानो छोरोलाई सम्झिए । मेरो गाडी सेफवेबाट कत्ति चाँडो घर पुग्यो मलाई होसै भएन । गाडीबाट हतार हतार बाहिर निस्केर घर तर्फ अघि बढे । घरको पेटीबाट एउटा बिरालो मलाई हेर्दै फूलहरुको पोथ्रा तीर छिर्यो । मेरो मन अझै डरले कापिरहेको थियो । घरको ढोका ढक्ढकाए । धेरै बेर लगाएर श्रीमतीले ढोका खोलिन ।

'आज किन ढीला गर्स्र्यो नि ,म त टिभीमा लोकल न्यूज़ हेर्दै बसेको थिए, यो न्यूजले त मेरो मनै आत्तियो भन्या' श्रीमती बोल्दै गइन। मैले जुत्ताको तुना खुस्काउदै भने 'हेर न आज एउटा साथीलाइ राइड दिनु पर्यो त्यसैले ढिलो भयो। '

ऊनि मलाई हेर्दै भन्न थालिन 'राति हिडडुल गर्नु एकदम रिस्की छ हजुर, म त्यै न्यूज हेर्दै थिए, आज दिउसो यही अलेक्जेंड्रिया मैं एउटी आइमाईले लिफ्ट मागेर कारवालाको सबै लुटिछे , त्यों हेरेर मेरो डर झन बढेर आयो, हजुर पनि हिड्दा धेरै होसियार भैस्यो है, नचिनेको मान्छेलाई कहिल्यै लिफ्ट नदिसेला ।'

मैले पाइंटको मोबाइल छामे अनि उनको बोलीमा सहमत हुँदै टाउको हल्लाए र भने 'हो नि ,अनि छोरो खोई त ?'

उनको जवाफ आयो 'बाबु त अघि नै सुति सक्यो।

जन्म, मृत्यु, बसाइ–सराई, सम्बन्ध–विच्छेद्, विवाहजस्ता घटनाहरु समयमा नै दर्ता गरौं । ३५ दिनभित्र नि:शुल्क व्यक्तिगत घटनाहरु दर्ता गरौं ।

दुधौली नगरपालिका कार्यालय, सिन्धुली

जंगल र जुनार सिन्धुलीको विकासको आधार

जिल्ला विकास समिति, सिन्धुली

जन्म, मृत्यु, बसाइ–सराई, सम्बन्ध–विच्छेद्, विवाहजस्ता घटनाहरु समयमा नै दर्ता गरौं । ३५ दिनभित्र नि:शुल्क व्यक्तिगत घटनाहरु दर्ता गरौं ।

रविन कुमार सुवेदी
सचिव
जरायोटार गाउँ विकास समितिको कार्यालय, सिन्धुली

जन्म, मृत्यु, बसाइ–सराई, सम्बन्ध–विच्छेद्, विवाहजस्ता घटनाहरु समयमा नै दर्ता गरौं । ३५ दिनभित्र नि:शुल्क व्यक्तिगत घटनाहरु दर्ता गरौं ।

राजकुमार मगर
सचिव
रानीचुरी गाउँ विकास समितिको कार्यालय, सिन्धुली

वृक्षारोपण गरौं, हरीयाली बढाऔं, वज नंजगल हाम्रो सम्पती हो, यसको संरक्षण गरौं

जिल्ला वन कार्यालय, सिन्धुली

जन्म, मृत्यु, बसाइ–सराई, सम्बन्ध–विच्छेद्, विवाहजस्ता घटनाहरु समयमा नै दर्ता गरौं । ३५ दिनभित्र नि:शुल्क व्यक्तिगत घटनाहरु दर्ता गरौं ।

सिर्जना अधिकारी
सचिव
रानीवास गाउँ विकास समितिको कार्यालय, सिन्धुली

## अनुषाको संसार ......



नं. स्थित अनुषा वलको हो । उनी अहिले मात्र १७ वर्षकी भइन् । उनमा दिउसोको समयमा आँखा ठप्पै नदेख्ने समस्या छ भने रातमा उनी अलि अलि आँखाको अनुभुति गर्न सक्छिन । हामीले उनलाई झट्ट हेर्दा यस्तो उनले आँखा देख्दिनन भन्दा आश्चर्य लाग्छ अफसोस उनी आँखा देख्दिनन् ।

उनलाई धेरै पढ्ने र ठूलो मान्छे बनेर देशको अनि समाजको लागि केही गर्ने ठूलो रहरछ उनी भन्छिन् "मैले घरको आर्थिक अबस्थाको कारण आफ्नो सपना पुरा गर्न सकिन् । घरमा मलाई पढ्न मनलागेको छ भन्दा गाँउका विद्यालयमा हामी जस्तालाई पढाउने ब्यवस्था छैन् घर बाहिर गएर पढौंन भन्दा घरको आर्थिक अवस्था नाजुक छ । हामी जस्तो मान्छेको त सपना नै बेकार हुने रहेछ ।"

अनुषाको आमा पनि छोरीलाई पढाउन पाए उसको भविष्य उज्वल हुने थियो कमसे कम मर्ने बेलामा शान्तिले मर्न पाइन्थ्यो अरुत दुख सुख जीवन चलेको नै थियो यही एउटा छोरीको चिन्ताले सताएको बताउछिन् । उनी भन्छिन् "घरको आर्थिक अवस्था राम्रो छैन, एउटा सानो सानो होटलले घरको गुजारा चलाएका छौ, ५ जनाको जहान यही होटलको भरले गुजारा चलाएका छौं । छोरी मलाई पढन मन छ दिदिलाई १२ कक्षा पढाई सक्यौ मलाई मात्र हेला गऱ्यौ भनेर रुन्छ, उ रुदा आफ्नो पनि मन भक्कानिएर आउछ के गर्नु चाहेर पनि केही गर्न सकिदैन ।" उनले भक्कानियर आफ्नो दुखेसो पोखिन् । उनि थप्छीन "काठमाण्डौको तिलगंगा अस्पतालमा २ पटक लग्यौ, टाउकोको सिटि स्क्यान गरेर हेऱ्यौ डाक्टरले छारे रोगको कारणले गर्दा उनको उपचार गर्न अहिले सकिदैन पहिले छारेरोग निको गर्न सकियो भने मात्र आँखा लाई फेर्न सकिन्छ भनेर भने । अहिले छारे रोगको औषधी त खुवाएका छौं पहिले भन्दा धेरै नै निको भएको छ तर आँखा नै फेर्न सक्ने हाम्रो हैसियत नै छैन कसरी फेर्नु र छोरीको आँखा ?"

अनुषाले ३ कक्षा सम्म सुनेको भरमा पढेको बताउछिन् जब म ३ कक्षामा पढ्दै गर्दा एक दिन बेहोस भएर ढले त्यो दिन देखि मलाई स्कुल पठाउन पनि छाडि दिनु भयो । आँखाको अप्रेसन गरेर संसार हेर्ने मेरो ठूलो धोको छ तर घरको आर्थिक अवस्था कमजोर भएर केही भन्न पनि त सक्दिन भलै आँखा नदेखे पनि कमसे कम पढ्न पाए म केही गर्ने थिए भन्ने ठूलो धोको छ ।"

जन्म, मृत्यु, बसाइ–सराई, सम्बन्ध–विच्छेद्, विवाहजस्ता घटनाहरु समयमा नै दर्ता गरौं । ३५ दिनभित्र नि:शुल्क व्यक्तिगत घटनाहरु दर्ता गरौं ।

ज्ञानराज कडेल
सचिव
पोखरी गाउँ विकास समितिको कार्यालय, सिन्धुली

जन्म, मृत्यु, बसाइ–सराई, सम्बन्ध–विच्छेद्, विवाहजस्ता घटनाहरु समयमा नै दर्ता गरौं । ३५ दिनभित्र नि:शुल्क व्यक्तिगत घटनाहरु दर्ता गरौं ।

रोहीत कुमार कार्की
सचिव
जलकन्या गाउँ विकास समितिको कार्यालय, सिन्धुली

## द्वन्द्वकालमा घटेका ..........

द्वन्द्वकालीन समयमा भएका रमेछापको दोरम्बा, चितवनको बादरमुढे र कपिलबस्तुमा भएका घटनाको सन्दर्भमा आयोले निष्पक्ष तवरले अध्ययन गरेको भन्दै अध्यक्ष गुरुङ्गले यी र यस्ता घटनाका दोषीलाई कुनै पनि हालतमा माफी दिन नसकिने र कारबाहीकालागि सरकासमक्षा सिफरिस गरिने बताउनुभयो ।

आयोगले बलात्कार र गम्भीर प्रकृतिका अन्य अपराधमा संलग्न पीडकलाई क्षमादानका लागि सिफरीस आयोगले नगरेर्ने बताउदै अध्यक्ष गुरुङ्गले शसस्त्र द्धन्द्वको क्रममा आफुबाट गलत काम भएको कुरा स्वीकार गरेको, गल्तीको पश्चाताप गरेको, पीडितसंग तित्तबुझ्दो ढंगले क्षमायाचना गरेको, क्षमादान सम्बन्धमा पीडितले सहमति दिएको तथा द्धटनाको गम्भीरतामा समेत आयोगले विचार गर्ने बताउनुभयो ।

'आयोगको कार्य सम्मपन्न नभए सम्म नेपालमा कुनै आर्थिक समाजिक क्रान्ति हुँदैन ।' उनले भने । ऐनले दिएको समय भित्रै आयोगले कार्य सम्मपन् गर्ने योजना बनाएर काम अगाडि बढिरहेको र उजुरीहरुको वर्गीकरण गरी छानविनको कामलाई अगाडि बढाइने उनको भनाई थियो ।

उजुरीहरुको अध्यन गर्दा शान्ति सम्झौताको मर्म, अन्तराष्ट्रि मानवअधिकारका विषयबस्तु र पिडितको चाहाना समेतलाई मध्यनजर गरी अध्ययन हुने र बास्तविक पिडितहरुलाई न्यायका लागी सिफारीस गरीने अध्यक्ष गुरुङ्गले बताए । नेपालको द्धन्द्व आफ्नै मौलिकताको भएका कारण पनि आयोगको काम पनि आफ्नै मौलिकता अनुसार हुने उनको भनाई थियो ।

अध्यक्ष गुरुङ्गले राजनैतिक तहमा क्षमादान दिने कुरा आएको भएपनि मानवअधिकार सँग सम्बन्धीत विषय विश्वव्यापी विषय भएकाले सवै प्रकृतिका घटनालाई क्षमादान दिन नमिल्ने बताउनुभयो । उहाँले रायमाझी आयोग र मल्लीक आयोग भन्दा आफु नेतृत्वको आयोग फरक रहेको समेत बताउदै आयोगले सरकारलाई प्रतिवेदन बुझाएको एक महिना भित्र संसदमा पेश गर्नुपर्ने कानुनी व्यवस्था रहेकोले आफुहरुको आयोगले दिएको प्रतिवेदन सार्वजनिक हुने बताउनुभयो ।

सरकारले अन्तरिम संविधान र शान्ति सम्झौतामा ६ महिना भित्र आयोग गठन गर्ने उल्लेख गरेको भएपनि झण्डै साढे नौ वर्ष पछि आयोग गठन भएको थियो । आयोगले वैशाख पहिलो साता देखी उजुरी संकलनको कार्य सुरु गरेको हो । आयोगले सत्य निरुपण सम्बन्धी कार्य, कानुनी कार्वाहीका लागी सिफारीस, मेलमिलाप, परिपुरणका लागी सिफारीस, क्षमादानका लागी सिफारीस र निती तथा संरचना सुधारका लागी सिफारीस गर्ने जिम्मेवारी प्राप्त गरेको छ ।

आयोगले उजुरी संकलनको कार्य सुरु गरेपछि देशभरीबाट उत्साहजनक रुपमा उजुरी आएको बताउँदै अहिले सम्म देशभरबाट १५ हजार १ सय ८ उजुरी संकलन भएको र झण्डै २३ हजार उजुरी फारम वितरण गरिएको समेत अध्यक्ष गुरुङ्गले जानकारी दिनुभयो । अहिले पहिलो चरणमा प्रारम्भिक चरणको छानविन भै रहेको आयोगले जनाएको छ ।

जन्म, मृत्यु, बसाइ–सराई, सम्बन्ध–विच्छेद्, विवाहजस्ता घटनाहरु समयमा नै दर्ता गरौं । ३५ दिनभित्र नि:शुल्क व्यक्तिगत घटनाहरु दर्ता गरौं ।

झिल्ली बहादुर खड्का
सचिव
खोलागाउ गाउँ विकास समितिको कार्यालय, सिन्धुली

## ४२ औ विश्व ...........

सम्म मनाउने भएको छ । सन् २०१६ भित्र सबै मिलीजुली, खुल्ला दिशामुक्त जिल्ला बनाऔं, सिन्धुली भन्ने नाराको साथ सरसफाई सप्ताहको पनि सुरुवात गरिएको छ । विश्व वातावरण दिवसको अवसरमा जिल्लामा विभिन्न सरकारी, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था, विद्यालयहरु लगाएतको उपस्थितिमा जिल्ला स्थरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति, सिन्धुलीको आयोजनामा सिन्धुलीमा बृहत ऱ्याली सहितको कार्यक्रम आयोजना गरिएको थियो ।

ऱ्यालीमा विभिन्न राजनैतिक दलका नेता तथा कार्यकर्ता, सरकारी कर्मचारी, युएसएआईडिको सहयोगमा सञ्चालित सबल कार्यक्रम, पत्रकारहरु लगाएत १ दर्जन गैर सरकारी संघ संस्थाहरुको साथमा विभिन्न विद्यालय तथा टोल सुधार समितिसमेतको उपसिथति रहेको थियो । ऱ्याली बिहान ७ बजे कमलामाई नगरपालिकाको कार्यालय अगाडीबाट सुरु भई २ नं. बजार हुँदै धुराबजारको सिरान सम्मम पुगी पुन लोकतान्त्रीक चौर, खुल्ला मञ्चमा पुगेर सम्पन्न भएको थियो । कार्यक्रममा इसाक सिन्धुलीले वातावरण तथा सरसफाई सम्बन्धी सडक नाटकको समेत आयोजना गरेको थियो ।

यसै गरी विश्व वातावरण दिवसको अवसरमा आज सिन्धुलीको विभिन्न स्थानहरु हतपते, कपिलाकोट लगायत विभिन्न क्षेत्रमा सरसफाई, वृक्षारोपण लगाएतको कार्यक्रमहरुको आयोजना गरिएको थियो ।

## कमलामाई नगरपालिकामा .....

नाटक प्रदर्शन गरेको छ । सप्ताहको पहिलो दिन नै इशाक सिन्धुलीले वातावरणमैत्री कमलामाई नगरपालिका निर्माण गर्ने अभियानलाई सहयोग गर्ने उदेश्यले सचेतनामूलक सडक नाटक प्रदर्शन गरेको हो ।

नाटकमा नविन खड्का, रामकुमार थामी, चन्द्र नेपाली, राजु नेपाली, नन्दलाल श्रेष्ठ, नवराज श्रेष्ठ, मनिषा शाही लगायतले अभिनय गरेका थिए । यस अघि पनि इशाक सिन्धुलीले कमलामाई नगरपालिका कार्यालयको सहयोगमा नगरक्षेत्रका विभिन्न स्थानमा वातावरणसंग सम्वन्धित सचेतनामुलक सडक नाटक प्रदर्शन गरिसकेको छ ।

प्रतिष्ठानले प्रदर्शन गरेको सडक नाटकवाट आफू निकै प्रभावित भएको र यसले वातावरणमैत्री नगरपालिका निर्माण अभियानमा महत्वपूर्ण सहयोग गर्ने कमलामाई नगरपालिका कार्यालयका कार्यकारी अधिकृत जगतप्रसाद भूसालले वताउनुभयो ।

सप्ताहको पहिलो दिन विभिन्न सरोकारवालाहरुको उपस्थितिमा प्रभातफेरी समेत गरिएको थियो । नगरक्षेत्रमा स्थापना गरिएको जम्मा ४७ वटा टोलविकास सँस्थाहरुलाई सरसफाई सामग्री समेत प्रदान गर्ने कार्यक्रम रहेकोमा जम्मा १६ वटा सँस्थाले आइतवार नै सामग्री बुझेका छन् भने अरुले सामग्री लान बाँकी रहेको कार्यालयले जनाएको छ । "हाम्रो जिवजन्तु हाम्रो वातावरण र वन, संरक्षण गरौं लगाई सम्पूर्ण तन,मन र धन"भन्ने मूल नाराका साथ यस वर्षको विश्व वातावरण दिवस मनाइएको छ । सरसफाई सप्ताह यहि जेठ २९ गतेसम्म मनाइने आयोजक कमलामाई नगरपालिका कार्यालयले जनाएको छ ।

सन् २०१६ भित्र सबै मिलिजुली, खुल्ला दिसामुक्त जिल्ला बनाऔं सिन्धुली

घर–घरमा सफा चर्पी – हामी जिम्मेवार

स्वच्छ पानी स्वस्थ बानी – हाम्रो सरोकार

१७ औं राष्ट्रिय सरसफाई सप्ताह (२३–२९ जेष्ठ, २०७३)

भव्यताका साथ सफल पारौं ।.......

NEWAH
Nepal Water for Health
charity: water



## खुला मञ्च

• सन्तोष शर्मा
lagensindhuli@gmail.com

# भट्टीमा :प्रेम सन्दर्भ

साँचो प्रेमले हमेशा भन्छ "म सब चिज तिम्रो लागी समर्पण गर्न चाहन्छु । म तिमीलाई दिए जति रित्तो हुन्छ मलाई त्यतिनै आनन्द आउँछ । जब हामी कसैलाई पाउने आशामा कसैलाई केहि दिई रहेका हुन्छौं त्यो साँचो माया हुन सक्दैन । त्यो त सम्झौता हो, लेन देनको जीन्दगी हो कुनै पनि बेला हिसाब नमिल्न सक्छ । तर पनि अचेल मानिसहरु सम्झौता र लेनदेनको जिन्दगीलाई साँचो प्रेम सम्झेर बाँचीरहेका छन् । सन्दर्भ बजार को एउटा रेष्टुराँ, साँझको समय अनि केही प्रेममा रुमलिएका तन्नेरीहरु ।

करिब ५ बजेको हुँदाहो यो पंक्तिकार र अन्य २ जना साथीहरु खाजा खान रेष्टुराँमा प्रवेश गऱ्यौं । तीनै जनाले मम अडर गरायौं । गर्मी अलि बढेकाले साथिहरुलाई प्रस्ताव गरे । 'चिसो पनि लिउँन है' । उनीहरु केहि बोलेनन् हुन्छ भन्ने आशयले मुन्टो हल्लाए मात्र । त्यतिनै समय एकहुल तन्नेरीहरु हामी बसेको छेउको टेवलमा आएर बसे र कराउँदै भने 'साहुजी एता आउनुहोस त' साहुजी आएपछि हतारिदै एउटाले भन्यो 'एक प्लेट सुकुटी, एक प्लेट तन्दुरी अनी एक फुल रुस लान ल्याउनुत अलि छिटो ।' साहुजी हवस भनेर गए पछि सँगै बसेका मध्ये एउटाले भन्यो आज त गुड फ्राइडे वाइल्ड हुने गरी खाइन्छ । यत्तिकैमा अर्कोले साथीको कानैनेर गई उस्रैतिर फर्किएर भन्यो 'गुड फ्राइडेत बहाना हो सोल्टीको । त्यसले पनि छोडी नी केटालाई ।' तिनीहरुको घनिष्टता अनि उरन्ठ्यौलीपनले मलाई कता कता मेरा पुराना अतित तिर धकेलि राखेको थियो । 'उ आयो' सबैको ध्यान एकत्रित गर्दै भन्यो एउटाले । टेबलमा राख्न नपाउदै अर्कोले पेग मिलाउन सुरु गऱ्यो । 'मलाई त ठिक्कको बनाहै ।' यति भन्न नपाउदै अर्कोले जीस्क्याई हाल्यो 'ट्राजिडि परेको मान्छे खान यार खा ।'

> पल्लो टेवलको तन्नेरीहरुको रुस्लानको चुस्की सगैं नशाको घुम्टोले विस्तारै छोप्दा झन झन रोमान्टीक बन्दै थिए

मलाई ति तन्नेरीहरुको क्रियाकलपले अत्यन्त मोहित बनाईरहेको थियो र आफ्नो साथिहरुलाई कम ध्यान दिदै म उनीहरु गफिएको मज्जा लुटिर हेको थिएँ । मलाई भने ति तन्नेरीको कुरामा भिन्न किसिमको आनन्द आइरहेको थियो । सायद त्यो तन्नेरीहरुको उमेरमा मेरा क्रियाकलापहरु पनि त्यस तै हुँदो हो । त्यसैले साथिहरुलाई एउटा मान्छे भेट्नुछ भन्दै बहाना बनाएँ अनि उनिहरुलाई विदा गरि दिएँ ।

पल्लो टेवलको तन्नेरीहरुको रुस्लानको चुस्की सँगै नशाको घुम्टोले विस्तारै छोप्दा झन झन रोमान्टीक बन्दै थिए । त्यत्तिकैमा एउटाले सोध्यो, 'अ साँची तेरो अहिलेको ५ औं ब्रेकअप चाही कसरी भयो हँ ?' कुरो भुईमा खस्न नपाउँदै अर्कोले थप्यो 'केटोले बोल्ने वित्तिकै लब पऱ्यो भन्द्यापो हो की ।' गलल हाँसोको फोहोरा छुट्यो । तर उ केही निरास अनि लर्बराएर बोल्यो 'हामी बिच प्रेम थिएन भनु भने मैले आफैलाई ढाँटेको जस्तो हुन्छ । जीवनमा पहिलो पटक कुनै केटीको लागी फिल गरेको थिएँ मैले । स्वभाविक प्रेममा आरोह-अवरोह, रोदन हाँसोबाट गुज्रिएका थियौं हामी । त्यति हुँदा पनि त्यो प्रेमलाई जोगाउन सकेनौं या भनौ प्राप्तीमा बदल्न सकेनौं ।' लामो सुस्केरा हाल्दै फेरी बोल्यो 'पारिवारिक कारणहरु तेर्सिए अगाडी ।' उसले यति भन्दै गर्दा मात्र उसको आवाज अनि त्यो आवाजमा मिसिएको पिडा थियो अरु सब चुप ।

उसको कुराले मलाई कता कता नरमाइलो लागिर हेको थियो । फेरी बोल्यो 'आजको दिनहरुमा सोच्ने गर्छु हाम्रो सम्बन्धले कस्तो अर्थ बोकेको थियो ? उसको निम्ती म को थिएँ र उ मेरो को थिई ? हाम्रो अपरिभाषित सम्बन्धको अर्थ बुझाउन सक्ने क्षमता आज म सँग छ । सम्बन्ध प्रष्ट्याउने चाहनाछ, लाग्छ उ पनि बुझ्न तयार छे तर विडम्वना आज उसलाई भेटने उपाएहरु सबै समाप्त भैसक्यो ।'

छेवैमा बसेको साथीले हात उसको काँधमा राखेर धाम मार्दै भन्यो 'केटोले त सेन्टी पो बनायो त हैट !' अनि आफै हास्न थाल्यो । अर्कोले आफ्नो सर्ट दुबैहातले उचाल्दै फस्ट भएको छोराले गर्व सँग आफ्नो नतिजा सुनाएझै भन्यो -'ट्रिउ लव गरेर फसेछ केटो । तेरो यो दाई बाट केहि सिक के । जिन्दगीमा मोज गर्ने हो । केटी भेटुन्ज्याल घुमाउने हो, अनि दर्द भन्ने चिज छेउमा आउन पनि डराउँछ ।' अनि फेरी आफै हाँस्न लाग्यो । त्यत्तिकैमा एउटाले ट्राजिडी परेको साथिलाई सम्झाउँदै भन्यो -'चिन्ता नगर यार कमसेकम तेरो जि.एफ. ले त तँलाई माया गर्छे । मेरो देखिस त, नराम्रो सँग घुमाएर गई । समयबाट पाठ सिक्ने हो, मैले पनि सिँके र तैले पनि सिक्नु पर्छ । आफ्नै उमेरका र धेरै एम्वीसिएस केटीहरुसँग लभ नगरेकै राम्रो हुँदो रैछ । साला, जब लाइफ को कुरो आउँछ, कत्ति खेर रङ्ग फेरेर को सँग हिडिदिने हो पत्तै हुदोरहेनछ स्वार्थीहरु । बरु मायानै नलगाउनुनी ।' मुसुक्क हाँसेर 'अब यसो एउटी राम्री केटी हेर लभ गरिन्छ, कहिले काहित लाष्ट टेन्स हुन्छ के' उसले केही आवेग पाख्यो ।

एक पेग घ्याम्पे हानेर फेरी भन्यो -'मैले उसलाई छाडेर ठिकै गरें, के नै छर उसँग ? माया माया भनेर मात्र पनि त भएन, आफ्नो फिउचरको पनि ख्याल गर्नु पऱ्यो ।' मलाई छोडेपछि त यस्तो पो भनिरे । "द वर्ल्ड इज नट इनअफ" देखाई दिन्छु मेरो हैसियत त्यसलाई ।' कान्छी औलाले इसारा गर्दै ट्वाइलेट तिर लाग्यो ।

कुरा सुन्दा सुन्दै समय वितिको पत्तै भएनछ । मोवाइलको घण्टी बज्यो, उठाएँ । घरबाट ममीले खाना खानु पर्दैन ? भन्नु भयो । हस आएँ भनेर फोन राखें, अनि अझै कुरा सुन्न इच्छा हुँदा हुँदै समयलाई तिरस्कार गर्दै आफ्नो गन्तब्यतिर लागे ।

जादै गर्दा मनमा तिनै तन्नेरीहरुको प्रेमका प्रसँङ्ग खेलिरहे । यसो सोँचे, एक पटक कसैसँग ब्रेकअप भए पछि लभ हुन सक्दैन भनेर हामीले कत्ति पढ्यौं, सुन्यौं तर अब ति सब भन्ने कुरा जस तो भै सक्यो । आज ब्रेकअब भयो, एक दुई दिनमै एक्स गर्लफेण्डलाई देखाउन, जेलियस गराउनको लागि भएपनि अरुसँग नाम जोड्न लालायित हुन थाल्छन् मान्छेहरु । कत्ति सस्तो हुनलाग्यो यो माया-प्रेम । यहाँ न आँसुको कुनै मोल छ, न फिलिङ्गस कसनै अर्थछ अब त यहाँ रोमियो-जुलिएटका काथाहरु फेरी कहिल्यै दोहोरि ने छैनन् । सुनिनेछन त केवल अजब प्रेमका गजव कहानीहरु मात्र ।

# चुलाई गुरुसँग स्पायरिङ गर्दा करङ नै धसियो

**सिन्धुलीमा यत्तिका धेरै पत्रकार छन, दुईरचारवटा स्थानीय पत्रिकाहरू पनि निस्किरहेको देख्छु, तर उहाँहरूले कहिल्यै तेक्वान्डोको बारेमा सोधखोज गर्नुभएन,' अन्तर्वार्ता सुरु गर्नुअघि तेक्वान्डोका 'फाइभ डान' डम्बर गुरुले भने, 'सायद उहाँहरूका लागि समाचार हुन्नथ्यो कि भन्ने सोच्थेँ, बाबुहरू सम्झिएर आउनुभएछ, धन्यवाद छ है !' १० भदौ २०३१ मा जन्मिएका डम्बर गुरू अन्तर्वार्ता दिँदा सुरुमा केही लजाएका थिए । विस्तारै उनले आफ्ना सुखदुःख बेलिबिस्तार लगाएर सुनाए । डम्बर गुरुले आफ्नो खेलकुद जीवनका आरोह-अवरोह क्लिक सिन्धुली साप्ताहीकका प्रवीण बुढाथोकी र विवश थापालाई सुनाएका छन् । उनको भनाइ उनकै शब्दमा ः**

सिन्धुलीमा सिनेमा हल थिएन, फिल्म भिडियोमा हेरिन्थ्यो । ज्योति (प्रधान) दाइको घरमा भिडियो देखाइन्थ्यो । फिल्म हेर्न स्कुलबाट समेत भाग्थ्यौं । हिन्दी, इंग्लिस, चाइनिजी सबैखाले फिल्म हेर्थ्यौं । भाषा नबुझे पनि प्रायः फिल्म हेर्थ्यौं । गाउँबाट भिडियो हेर्न जाने टोली नै हुन्थ्यौं । फिल्ममा जे देख्थ्यौं, नक्कल गरिहाल्थ्यौं । फाइट नभएका फिल्म खल्ला लाग्थे । त्यसैले मिथुनका फिल्म छुटाउँदैनथ्यौं । नाचगान आउँदैनथ्यो, त्यसैले फाइटको नै नक्कल गर्थ्यौं । मिथुनले जस तै 'किक' र 'पञ्च' हान्थ्यौं । त्यतिवेला 'नक्कली' हिरो मै हुन्थेँ ।

भिडियोमै धेरै फिल्म हेरेँ । कति फिल्मको त नाम पनि याद हुँदैनथ्यो । तर, भिडियोमै हेरेको चाइनिज फिल्म 'इन्टर द ड्रागन' ले मेरो जीवनको मोड नै बदलिदियो । भाषा बुझिँदैनथ्यो, मन नलागी-नलागी हेरेँ । ब्रुस लीको त्यो नै पहिलो फिल्म हेर को थिएँ । ब्रुस लीका अनौठा स्टन्ट, फाइट, जिम्न्यास्टिक सबै थियो फिल्ममा । फिल्ममा ब्रुस लीले अन्तराष्ट्रिय खेल जितेर आफ्नो देशको शान बढाएको थियो । त्यो देखेपछि मलाई पनि एक्कासि गेमको 'भूत' चढ्यो । गेम खेलेर आफ्नो देशको झन्डा विदेशमा फहराउने हुटहुटी चल्यो । तर विडम्वना ! सिन्धुलीमा सिक्ने ठाउँ थिएन । तैपनि ब्रुस लीका स्टन्टहरू हेर्थें, हरेक दिन घरमै प्राक्टिस गर्थें ।

### चुलाई मुखियाले तेक्वान्दो भित्र्याए

पढाइभन्दा खेलमा रुचि थियो मेरो । फन् बक्सिङ सिक्न थालेदेखि आफूलाई 'ब्रुस ली' नै ठान्थें । मनोज गुरुको प्यारो चेला पनि थिएँ । 'केटा तँ राम्रो बक्सर बन्छस्,' गुरुको स्याबासी पाइरहन्थें । तर, घर (जनकपुर) जानुभएका गुरु फर्कनुभएन । मनोज गुरु गएपछि खेल ठ्याप्पै बन्द भयो । बक्सर बन्ने सपना वर्ष दिन नबित्दै तुहियो । त्यतिवेला मनोज गुरुको विकल्प अरू थिएनन् । त्यसपछि एक/दुई वर्ष घरमै प्राक्टिस गरेँ । प्राक्टिस पनि बक्सिङको मात्रै गर्थें, अरु आउँदैनथ्यो ।

मनोज गुरुले सिन्धुली छाड्नुभएको दुई वर्षजति पछि (०४८ सालमा) चुलाई मुखियाले सिन्धुलीमा तेक्वान्दो सिकाउन सुरु गर्नुभयो । सिन्धुलीमा तेक्वान्दोको बिऊ छर्ने काम उहाँले नै गर्नुभएको हो । गेम सिक्न नपाएर छट्पटिरहेको थिएँ, उहाँको पहिलो ब्याजीमै भर्ना भएँ । पहिलो ब्याजीमै झन्डै दुई सयजना थियौं । तेक्वान्दो सिक्ने केटीहरु पनि थिए, ढुंग्रेबास, धुराबजार, रातमाटा, २ नम्बर बजार, बोजेदेखिका साथीहरू गेम खेल्न आउँथे ।

तेक्वान्दो गहुँखोलाको बगर (जनता बोर्डिङभन्दा तल) मा सिक्थ्यौं । डाहा गर्ने स्वभाव थियो मेरो त्यसैले अरुभन्दा बढी नै दुःख गर्थें । स्पायरिङमा सबैलाई जित्नैपर्थ्यो । अरुले राम्रो खेलेको देख्दा डाहा हुन्थ्यो । 'अहो, त्यसको जत्तिकै किक हान्न सके' भनेर इख लिन्थें । खेल्थें पनि त्यसरी नै । यसरी मेरो तेक्वान्दो यात्रा सुरु भयो । चुलाई गुरुले पनि मसँग फि लिनुभएन ।

### चुलाई गुरुले करङ नै सोइदिनुभयो

प्रायः म गुरुले सिकाउने समयभन्दा पहिले नै ग्राउन्डमा पुग्थें । तर, चुलाई गुरुलाई म देख्नै हुन्थेन, स्पायरिङमा बोलाइहाल्थे । 'डम्बरे आइजो' भनेर त्यत्तिका भीडमा स्पायरिङ गर्न मलाई नै बोलाउँथे । म पनि इमानदार चेला थिएँ, नाइनास्ती गर्दिनथें । त्यसैले चुलाई गुरुसँग दिनदिनै स्पायरिङ पर्थ्यो । म गुरुको मानमर्दन राखेर किक चलाउँथें, तर उहाँचाहिँ निर्ममतापूर्वक ठोक्नुहुन्थ्यो । उहाँको किक कहिले करङतिर त कहिले छातीमा लाग्थ्यो बेस्सरी । उहाँलाई सधैं भाँचिने गरी ठोक्नुपर्थ्यो, नभए ढल्ने गरी नै हान्नुहुन्थ्यो । एकपटक त मेरो करङ नै धसाइदिनुभयो । एकदमै दुख्यो, चौरमा लडेँ । तर, उठाएर अस्पताल कसैले पुऱ्याएनन् । एक हातले छाती अठ्याएँ र दौडिँदै अस्पताल पुगेँ । निको हुन ६ महिना लाग्यो ।

सिकाउने तरिका नै त्यही थियो वा उहाँलाई हिर्काएर देखाउनुपर्ने हो अहिलेसम्म बुझ्न सकेको छैन ।

### खम्बेचौरमा त बेहोस नै बनाउनुभयो

चुलाई गुरुसँग अनगिन्ती स्पायरिङ गरें । तर, खम्बे चौरको टुर्नामेन्टदेखि उहाँसँग स्पायरिङ गर्न छाडें ।

टुर्नामेन्ट शनिबारको दिन थियो । शनिबार सिन्धुलीमा हाट लाग्थ्यो, त्यसैले दर्शक भीड ठूलै थियो । वेटअनुसार स्पायरिङ हुन्थ्यो तर मैले रविन (श्रेष्ठ) दाइसँग भिड्नुपऱ्यो । तैपनि मैले नाइनास्ती गरिनँ ।

भीडले घेरेको थियो हामीलाई । चिनजानका साथीहरु पनि धेरै थिए दर्शकमा । स्पायरिङ सुरु गरेको केही मिनेटमै भीडबाट हुटिङ आयो । हुटिङ गर्ने को रहेछ भनेर हेर्न फर्किएको मात्र थिएँ, रविन दाइको पावरफूल किक मेरो अनुहारमा पऱ्यो । नाथ्री फुट्यो, बेस्सरी दुख्यो पनि । आँखाभरि आँसु भरियो । त्यस तो वेला चेस्ट कभर र हेल्मेट खोलेर मलाई रेस्ट दिनुपर्थ्यो । तर, गुरुले रविन दाइलाई रेस्ट दिनुभयो । र, रविन दाइकै चेस्ट कभर र हेल्मेट लगाएर उहाँ पो स्पायरिङ गर्न रेडी हुनुभयो । 'आइजो डम्बरे,' भन्दै उहाँले किक उचाल्नुभयो ।

रेस्ट मलाई दिनुपर्थ्यो, उल्टै उहाँ स्पायरिङ गर्न रेडी भएको देखेर नमज्जा लाग्यो । 'ठीकै छ, गुरुले डाकिहाल्नुभयो त' भनेर रेडी भएँ । एक/दुई किक चलाएँ पनि तर उहाँजति पर्फेक्ट थिइनँ । त्यतिखेर नाथ्री फुटेर आँत्तिसकेको थिएँ । उहाँले थप मरणासन्न हुने गरी ठोक्नुभयो । र, नकआउट किक टाउकोमै हान्नुभयो । यति जोडले हान्नुभएको थियो, म त पर्लक्कै ढलेछु । र, बेहोसै भएछु । त्यस दिनदेखि उहाँको वचन काट्न थालें । उहाँले स्पायरिङ गर्न बोलाउनुहुन्थ्यो, बहाना बनाउँदै टारिदिन्थें । 'स्वास्थ्य ठीक छैन गुरु, मेरो वेटबराबरका साथीहरुसँग हो भनेचाहिँ खेल्छु,' भन्थें । मैले मान्न छाडेपछि उहाँले पनि कर गर्नुभएन ।

सोच्थें- किन मलाई मात्रै स्पायरिङमा बोलाउँछन् ? 'सायद छिटोछरितो र दुःख गर्ने मान्छे भनेर खार्न खोज्नुभएको हो कि' भनेर चित्त बुझाउँथें ।

### सिन्धुलीकै पहिलो ब्ल्याक बेल्ट

०५१ सालमा चुलाई गुरु फर्किनुभयो । तीन वर्ष चुलाई गुरुसँग सिकें, ब्लु बेल्टसम्म लिएँ ।उहाँसँग ब्लु बेल्टसम्म लिएको थिएँ । त्यसपछि सुदर्शन केसी, सविता राजभण्डारीले पनि सिन्धुलीको डोजो हेर्नुभयो । जनकपुरबाट ज्ञानु कार्की गुरु पनि आउनुभयो । जिल्लाको खेलकुद क्षेत्र फस्टाउँदै गएपछि राष्ट्रिय खेलकुद परिषद्ले सरोज थापामगरलाई खेलकुद विकास समितिमा खटाए सिन्धुली पठायो । उहाँमार्फत नै मैले ब्ल्याक बेल्ट लिएँ । ब्ल्याकबेल्ट लिनुअघि ५/६ जनासँग स्पायरिङ गरें, ईंटा/टायल फुटाएँ र काँटाहरु पनि देखाएँ । बेल्ट लिने वेला थाहा भयो, सिन्धुलीको खातामा पहिलो ब्ल्याक बेल्ट लिने म नै रहेछु ।

पहिलो ब्ल्याकबेल्ट खेलाडी थिएँ, खुसीको सीमा नै थिएन । सोचें- ऐतिहासिक काम नै गरेछु कि क्या हो ।

अध्यक्ष : तेजेन्द्र खड्का, प्रधान सम्पादक : प्रवीण बुढाथोकी, सम्पादक : कमला रोक्का, कार्यकारी सम्पादक : विवश थापा, संवाददाताहरु : दीपेन्द्रध्वज बस्नेत, सन्तोष शर्मा, कार्यालय : पानीट्यांकी, सिन्धुली, मुद्रण : दाहाल अफसेट प्रिन्टिङ प्रेस